बर्दघाट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
बर्दघाट, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)
लुम्बिनी प्रदेश, नेपाल

प.सं.:२०८३/८४
च.नं.: ४२६

मिति :२०८३/०५/१०

**(प्रथम पटक प्रकाशित मितिः २०८३/०५/१०)**

**विषयः प्रधानाध्यापक पदपूर्तिका लागि दरखास्त आह्वान सम्बन्धमा।**

प्रस्तुत विषयमा नगर शिक्षा समितिको मिति २०८३/०५/१० गतेको निर्णयअनुसार शिक्षा नियमावली, २०५९ (संशोधनसहित) को नियम ९३ बमोजिम देहायको विद्यालयमा प्रधानाध्यापक पदपूर्ति गर्नुपर्ने भएकोले ऐ.ऐ. नियमावली र नियमको उपनियम (२) बमोजिम सम्बन्धित विद्यालयको सम्बन्धित तहमा कार्यरत स्थायी शिक्षकहरू मध्येबाट प्रधानाध्यापक नियुक्तिका लागि दरखास्त आह्वान गरिएको छ। दरखास्त आह्वान भएको मितिले ७ (सात) दिनभित्र आवश्यक कागजात सहित सम्बन्धित विद्यालयको विद्यालय व्यवस्थापन समिति समक्ष निवेदन पेस गर्नुहुन अनुरोध छ।

देहाय,

| क्र.सं. | विज्ञापन नं. | विद्यालयको नाम | तह | पद | सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | ०१/२०८३/०८४ | दिव्यज्योति मा.वि., बर्दघाट-२ | माध्यमिक | प्रधानाध्यापक | १ |
| २. | ०२/२०८३/०८४ | राजा महात्मा पूर्णभद्र मा.वि. बर्दघाट-९ | माध्यमिक | प्रधानाध्यापक | १ |
| ३. | ०३/२०८३/०८४ | दाउन्नेदेवी मा.वि., बर्दघाट-४ | माध्यमिक | प्रधानाध्यापक | १ |
| ४. | ०४/२०८३/०८४ | गंगा मा.वि., बर्दघाट-१४ | माध्यमिक | प्रधानाध्यापक | १ |
| ५. | ०५/२०८३/०८४ | सरस्वती मा.वि. बर्दघाट-१४ | माध्यमिक | प्रधानाध्यापक | १ |
| ६. | ०६/२०८३/०८४ | नित्यानन्द रत्नकुमारी मा.वि बर्दघाट-१२ | माध्यमिक | प्रधानाध्यापक | १ |

१. **आवश्यक योग्यता:** स्नातकोत्तर तह उत्तीर्ण गरेको वा शिक्षा शास्त्र संकायमा स्नातक तह उत्तीर्ण भइ सम्बन्धित तहमा ५ वर्ष स्थायी सेवा गरेको।

२. **आवश्यक कागजात**

(क) उम्मेदवारको निवेदन,
(ख) उम्मेदवारको नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,
(ग) स्थायी नियुक्ति पत्रहरू (बढुवा सहित) को प्रमाणित प्रतिलिपि,
(घ) शैक्षिक योग्यताका प्रमाणपत्र (न्यूनतम र माथिल्लो) को प्रमाणित प्रतिलिपि,
(ङ) व्यवस्थापन तालिम र शैक्षिक तालिमका प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,
(च) विद्यालय विकास प्रस्ताव (तोकिएको ढाँचामा),
(छ) पछिल्लो ३ वर्षको अध्यापन गरेको विषयमा प्राप्त नतिजा (कार्यसम्पादन मूल्याङ्कनमा उल्लेख भएअनुसार)

बाबुराम पौडेल
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत